बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

# शिक्षा तालिम केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोक

पत्र सङ्ख्या: २०८३/८४ मिति: २०८३/०४/१५

च.नं. ९३ नेसं. ११४६ दिल्लागा द्वितीया, शुक्रबार

**एक महिने सेवाकालीन (शैक्षिक प्रशासन) तालिम सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस तालिम केन्द्रको आ. व. २०८३।८४ को वार्षिक कार्यक्रमअनुसार शिक्षा सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणी वा सहायक पाँचौं वा सोसरहका कर्मचारीका लागि एक महिने सेवाकालीन (शैक्षिक प्रशासन) तालिम २०८३ भाद्र दोस्रो साताबाट सञ्चालन हुने भएकाले उक्त तालिममा सहभागी हुन तपसिलबमोजिमका कर्मचारीहरूले आफ्नो व्यक्तिगत विवरण यसैसाथ रहेको गुगल फारामको लिङ्क वा QR स्क्यानमार्फत २०८३ साउन मसान्तभित्र सम्बन्धित कार्यालयको सिफारिस पत्रसहित भर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. नेपाल शिक्षा सेवा रा.प. अनङ्कित प्रथम श्रेणीमा बागमती प्रदेशभित्र सङ्घीय कार्यालयमा कार्यरत कर्मचारीहरू

२. बागमती प्रदेशभित्रका नेपाल शिक्षा सेवाका प्राविधिक सहायक पाँचौं तहका कर्मचारीहरू

३. तालिममा सहभागी हुने सङ्ख्या २५ जना रहेको हुँदा सोभन्दा बढी दरखास्त आएमा नियुक्ति मितिको ज्येष्ठताका आधारमा छनोट गरिने छ ।

<u>तालिम लिङ्क:</u>

https://forms.gle/iecTSSnw7RwjoFZz6

घनश्याम खनाल

नि. कार्यकारी निर्देशक

*नोटः गुगल फाराम यस केन्द्रको वेभसाइट https://etc.mosd.bagamati.gov.np/ मा पनि उपलब्ध छ । थप जानकारीका लागि दिनेशबहादुर बम ९८५१३५११३९ मा सम्पर्क गर्न सकिने छ ।*